# "नमो रत्न त्रयाय"

बुद्धम्  शरणम् गच्छामि ॥
धमंम्  शरणम् गच्छामि ॥
संघम् शरणम् गच्छामि ॥

**१. प्रश्न : बौद्धमार्गी वा बुद्धिष्ट कसलाई भनिन्छ ?**
उत्तरः  जसले त्रिरत्नलाई विश्वास गरेर त्यसका शरणमा जान्छन् त्यसलाई बुद्धिष्ट वा बौद्धमार्गी भनिन्छ।

**२. प्रश्न : त्रिरत्न भनेको के हो ?**
उत्तर : त्रिरत्न भनेको बुद्धरत्न, धर्मरत्न र संघरत्न हो ।

**३. प्रश्न : बुद्ध भनेको के हो ?**
उत्तर : संसारको दुःख कष्ट र पापबाट मुक्त भएर सबै क्लेश र ज्ञानआवरणहरु (क्लेशावरण एवं ज्ञेयावरण) शुद्ध भई परिनिर्वाण प्राप्त भइसकेको उत्तम पुरुष एवं सर्वज्ञलाई बुद्ध भनिन्छ ।

**४. प्रश्न : बौद्ध र अबौद्धमा के भिन्नता छ ?**
उत्तर : यसको भिन्नता शरण, दर्शन र सिद्धन्तमा रहेको पाईन्छ । १. शरणको भिन्नता : बौद्ध सम्प्रदाय भनेको त्रिरत्नलाई श्रद्धा र विश्वासका साथ बुद्धको शरणमा जानेलाई बौद्ध र त्रिरत्नको शरण नलिनेलाई अबौद्ध भनिन्छ । २. दर्शन र सिद्धान्तमा भिन्नता : सामान्यरुपमा बुद्धको सिद्धान्त भनेको (अनात्मा) शुन्यताको ज्ञान प्राप्त गर्ने र (चर्या) ब्यवहारमा जगत प्राणीलाई दुःख र कष्ट दिने कार्य त्यागेर अहिंसा ब्यवहार गर्नु, भावनाक्रममा पञ्च मार्ग पार गरेर संसार बाट मुक्त भई अर्हत र सर्वज्ञ प्राप्त गर्नेलाई बौद्ध भनिन्छ। अबौद्धहरुको दर्शन र सिद्धान्तमा यस्तो पाईदैन ।

**५. प्रश्न : संसारको दुःख भनेको के हो ?**
उत्तर : प्राणीहरु क्लेश (ञोन्मोङ) को माध्यमबाट नराम्रो कर्म साचेर उक्त कर्मबाट अएको फलनै संसार को दुःख हो । समस्त ६ लोकका प्राणीहरु ६ भागमा बिभाजन गर्न सकिन्छ । यी ६ लोगका प्राणीहरुलाई अ-आफ्न स्थानमा फरक फरक दुःखहरु भोग्नु पर्ने हुन्छ । (क) जस्तैः नर्कलोकमा तातो नरक र चिसो नरकको दुःखहरु गरी दुई प्रकार छन । तातो नरकमा करोडौं बर्ष वा कल्पसम्म आगोमा जलाउने, ठूलो भाँडोमा हालेर उमाल्ने, शरीरलाई आह्राले टुक्रा-टुक्रा गरेर काट्ने र चिर्ने आदि असहनीय दुःखहरु छन् । चिसो नरकमा हिमाल जस्तै चिसोले ढाकेको ठाउँमा जन्म लिई सबै शरीर चिसोले गर्दा फुट्न गई शरीरका छालाहरु कमल र उत्पलको फुल जस्तै फुटेरा (चिरा पर्नु) कल्पौं कल्पसम्म चिसोको दुःखमा बस्नु पर्ने आदि हुन्छ। चिसो र तातो नरकमा विभिन्न १६ ओटा नरकहरु छन् । जस्तै तातो नरकमा :-

१. पुनर्जीव नरक, ཡང་སོས་ཀྱི་དམྱལ་བ།

२. कालसूत्र नरक, ཐིག་ནག

३. संघातिक नरक, བསྡུས་འཇོམས།

४. रौरव नरक, ངུ་འབོད།

५. महारौरव नरक, ངུ་འབོད་ཆེན་པོ།

६. तपन नरक, ཚ་བ།

७. प्रतापन नरक, རབ་ཏུ་ཚ་བ།

८. अवीचि नरक, མནར་མེད། गरी आठवटा नरकहरु छन् । त्यसै गरी चिसो नरकमा :-

१. हुहुव, ཨ་ཆུ།

२. हाहाकार, ཀྱི་ཧུད།

३. अटट, སོ་ཐམ།

४. अर्बुद, ཆུ་བུར་ཅན།

५. निर्बुद ཆུ་བུར་རྡོལ་བ།

६. पद्म (कमलको पात जस्तो फुटेको) པདྨ་ལྟར་གས་པ།

७. महापद्म (महा कमलको पात जस्तो फुटेको) པདྨ་ཆེན་པོ་ལྟར་གས་པ།

८. उत्पल (उत्पलको पात जस्तो चिराहा भएको) ཨུཏྤལ་ལྟར་གས་པ།

नरक गरी आठवटा नरकहरु छन् । आठ तातो नरक, आठ चिसो नरक, प्रादेशिक नरक र ཉེ་འཁོར་བའི་དམྱལ་བ། प्रत्येक नरक ཉི་ཚེ་བའི་དམྱལ་བ། गरी जम्म १८ प्रकारको नरकहरु छन् ।

(ख) प्रेतलोकमा जन्मे पछि खाना, पिउन र लगाउन नपाउने जस्त दुःखहरु हजारौं वर्षसम्म भोगिरहनु पर्ने हुन्छ ।

(ग) तिर्यकः किरा फटयाङग्रो देखि लिएर बाघ, भालु, हात्ती आदि प्राणीहरुलाई (पशु) तिर्यक भनिन्छ । यसलोकमा जन्म लिएपछि मालिकले आफ्नै अधिनमा राखेर सुख नदिने जस्तै भारी बोकाउने, हलो जोत्ने र अरुले कुटपिट गर्ने गरिन्छ । त्यसै गरी ठूलोले सानोलाई खाने र सानोले पनि ठूलोलाई खाने जस्त हिंसा भई रहने भएकोले दुःख भोग्नु पर्दछ ।

(घ) मनाव भएर जन्मे पनि आमाको कोखबाट जन्मदा आमा र बालक दुबैलाई दुःख हुने, रोग लाग्ने, सम्पतिको लागि दुःख गर्नु पर्ने, कष्ट गरेर सम्पति जोर जम्मा गरे पनि अरुले चोर्ने र खोस्ने, सुख गरी खाना र लगाउन नपाउने, शत्रु आई लाग्ने, त्यही सम्पतिबाट इष्टमित्र, छोराछोरी र आफन्तहरु संग छुट्ने, धार्मिक कार्यमा बाधा पुराउने, एक अपासमा पनि ठूलो सानो भनेर हेप्ने गरिन्छ। त्यसै गरी आफूले चिताएको कुरा नपुग्ने, नचिताएको कुराहरु आई पर्ने र अचानक लडेर मर्ने, आगो, पानी, भुकम्प र हुरीबतासको डर हुने, खाने र पिउने कुरा पनि विषमा परिणत भएर बिकालमा मर्नु पर्ने, चिरिन्जिवि भएता पनि आखिर आफूले देख्दा देख्दै एक्लै आफ्नो प्यारो शरीरलाई समेत छाडेर जानु पर्दा मनमा अनेक प्रकारको चिन्ताले दुखित हुन्छ।

(ङ) असुरलोकमा पनि सधैं एक अर्कावीच झैं-झगडा गरेर काटमार र कुटपिट गरेर बस्नु पर्ने दुःख हुन्छ।

(च) सुर लोकका देवी देवताहरुलाई पनि जब आफू मर्नु भन्द सात दिन अगाडि ६ लोकमा कहाँ जन्मने कुरा थाहा हुने हुँदा दुखी हुन्छ र अरु देवताहरुले पनि छेउमा नआईकन टाढैबाट फूलहरु छरी बिदाइ गरि दिने हुदाँ त्यतिखेर मनमा असन्तुष्ट भई धेरै दुःख भोगेर अर्को (नरक) लोकमा जन्मनु पर्ने दुःख हुन्छ।

**६. प्रश्नः क्लेश भनेको के हो ?**

उत्तर : क्लेश भनेको राग, रिस, अज्ञानता, डाह र मोह हो।

(क) रागः- मनले आफु र अरुको रुपलाई राम्रो देखेर चाहना गर्नु। कन्जुस्याइँले गर्दा धन सम्पति छोड्न नसक्ने अवस्था हुन्छ। अरुको धन सम्पति र राम्रो बस्तुहरु देखेमा लोभ लागेर आउँछ इत्यादि।

(ख) रिसः- रिसले गर्दा आफ्नै मनमा पनि शान्ति हुदैन र आफुले हजारौ कल्पसम्म साँचेको (धर्म) पुण्य पनि क्षणिक रिसको आगोले जलाइन्छ। त्यति मात्र नभएर रिसले गर्दा आफु र अरुको ज्यान समेत लिन सक्छ।

(ग) अज्ञानताः- अज्ञानताको कारणले आफूले गर्नु पर्ने धर्म र त्याग्नु पर्ने पापहरु नबुझी पशु जस्तै रिस र रागको बाटोमा लाग्न सक्छ।

(घ) डाहः- अरुले राम्रो काम गरेको जस्तै धर्म र धन सम्पति कमाएको कार्यलाई देखी प्रतिस्पर्धा (Competition) गर्न लाग्दा आफ्नो मनमा शान्ति नभई अरुलाई पनि धोका दिन सक्छ।

(ङ) मोहः- मोहले गर्दा ठूलो गुरु र आफ्नो साथी भाईको ज्ञान नदेख्ने हुन्छ जस्तै उहाँहरुसंग धन धेरै भए पनि मलाई ज्ञान छ, उहाँहरुसंग ज्ञान भए पनि मलाई धन सम्पत्ति छ भन्ने, उहाँहरुसंग सम्पति र ज्ञान दुबै भए पनि मेरो रुप छ भन्ने घमण्डीले सोच्ने इत्यादि हुन्छ। त्यसैले गर्दा आफ्नो गुरु र धर्ममा श्रद्धा र भक्ति नगर्ने, ठूलालाई आदर र सम्मान गर्न नसक्ने, समाजमा बस्न गाह्रो हुने, अरुको ज्ञानलाई आफुले लिन नसक्नले ज्ञान र गुण लिनमा बाधा पर्दछ। त्यसबाहेक रिसको फल नरकमा जन्म लिने, राग (लोभ) ले प्रेतमा जन्म लिने र अविद्याले पशुमा जन्म लिने गर्दछ। मोह अविद्याको एक अंग हो। डाह रिसको हागा हो र रागले मनुष्यमा जन्म लिने, रिसले नरक, अबिद्याले पशु, डाहले देवलोक र मोहले असुरलोकमा जन्म लिने बताइएको छ। अरुपनि रागको कुकर्म (धेरै) ठूलो साचेमा नरकमा जन्म लिनेछ। मध्यम कुकर्मबाट प्रेतमा जन्म लिने र साधारण कुकर्मबाट पशुमा जन्म लिइन्छ भनि बताउनु भएको छ। त्यस्तै रिस र अविद्याको पनि ठूलो माध्यम र साधारणको फल अघि बताएको जस्तै भिन्नता हुन्छ।

**७. प्रश्न : नराम्रो कर्म कति प्रकारको हुन्छ ?**

उत्तरः साधारणतया कर्म दुई प्रकारको हुन्छ। मनले सोचेको कर्म (चेतन कर्म) र मनले सोचेर गरेको कर्म (चेतयित्वा कर्म)। यी दुबैमापनि राम्रो र नराम्रो गरी दुई-दुइ प्रकार छन्। पहिलो सोचेको मनको कर्म भनेको मैले अरुलाई दुःख दिन्छु भनि सोच्नु हो। दोस्रोमा दुइ प्रकारका छन्। (क) मनले सोचेर मुखबाट पनि तिमीलाई म हिंसा वा हत्या गर्छु भन्नेलाई वाक्‌को (वचन) कर्म भनिन्छ। (ख) मनले सोचेर अरुलाई मार्नको लागि हात हतियार ले प्रत्यक्ष काट्नु वा बन्दुकको प्रयोग गरी हिंसा गर्नुलाई शरीरको कर्म भनिन्छ। छोटकारीमा शरीर, वचन र मनका अकुशल कर्महरु यस प्रकार छन। (क) शरीरको अकुशल कर्म तीनवटा छन्: १. शरीर को माध्यमबाट काटमार गर्नु अथवा अरुलाई काटमार गर्न लगाउनु। २. अरुको सामान चोर्नु वा चोर्न लगाउनु। ३. व्यभिचार तथा दुष्ट व्यवहार गर्नु।

(ख) वाक (बचन) को अकुशल कर्म चारवटा छन्। १. अरुलाई झुक्याउनु वा झूटो बोल्नु। २. मिल्ने साथीहरुको बीचमा पोल लगाएर फटाउनु। ३. अरुलाई नराम्रो बचन बोल्नु। ४.अर्थहिन वा व्यर्थको कुरा गर्नु।

(ग) मनको अकुशल कर्म तीनवटा छन्। १.अरुको सम्पत्तिमा लोभ गर्नु। २. अरुलाई बाधा पुऱ्याउनु वा हिंसक भावना सोच्नु। ३. मिथ्या (उल्टो) दृष्टिले हेर्नु जस्तै काटमार गरे पनि पाप लाग्दैन, धर्म गरेपनि त्यसको फल छैन भनि सोच्नु। धर्म कर्ममा विश्वास नराख्नु, मनमा श्रद्धा र भक्ति नराख्नु चाहिं मनका नराम्रा दृष्टि वा कुदृष्टि हुन्। माथि लेखिएका शरीर, वचन र मनका नराम्रो कर्महरु जम्म दशवटा छन् र त्यसलाई दश अकुशल पाप तथा अकुशल कर्म पनि भनिन्छ।

**८. प्रश्न : कुशल (राम्रो) कर्म भनेको के हो ?**

उत्तर : धर्मको काम गर्नुलाई कुशल भनिन्छ। जस्तैः- पापको विपरित कर्म हिंसाबाट प्राणीको प्राण बचाउने, चोर्ने र लुट्ने कार्य त्यागेर अरुलाई दान दिने, दुर्व्यवहार छोडेर धर्मको शील पालना गर्ने (ब्रम्हाचर्य), ढाँट्न छोडेर सत्य बोल्ने, पोल लाउने काम छोडेर झैं झगडा परेको मिलाउने, अरुलाई नराम्रो शब्द र मन दुखाउने बचन छोडेर राम्रो शब्द बोल्ने वा प्रशंसा गर्ने, व्यर्थको कुरा छोडेर बुद्धका मन्त्रहरु पढ्ने, अरुको वस्तु वा सामानको लोभ नगरी त्रिरत्नलाई दान चढाउने तथा दियो बाल्ने, इत्यदि। त्रिरत्नको ज्ञानलाई आफूले पनि प्राप्त गरौं भनी सोच्ने। अरुलाई बाधा पुऱ्याउने सोचाइलाई छोडेर अरुलाई शुद्ध मनले दया, माया र सहयोग गर्न सोच्ने, नराम्रो दृष्टि छोडेर त्रिरत्न र गुरुप्रति् श्रद्धा र भक्ति गर्नुका साथै पाप गरेमा दुःख र धर्म गरेमा सुख हुन्छ भन्ने कुरामा विश्वास राख्नेलाई सद् धर्म पनि भनिन्छ। दश कुशल कर्म पनि भनिन्छ। यी दश कुशल कार्यलाई बोधिचित्तउत्पाद गरी सम्पूर्ण प्राणीहरुको निम्ति हित गरेमा महायान धर्म र आफु मात्र सांसारिक दुःख बाट मुक्त हुनको निम्ति पालना गरेमा थेरवाद (हिनयान) धर्म भनिन्छ।

**९. प्रश्न : कर्म भनेको कुशल र अकुशल मात्र हो।**

उत्तर : होईन, कर्म जम्म कुशल, अकुशल र अब्याकृत कर्म गरी तीन प्रकारको छन। अब्याकृत कर्म चै बहिरी बस्तु जस्तै हुन किनकि त्यसमा कुशल कर्म पनि छैन, अकुशल कर्म पनि छैन र त्यसको हेतुफल पनि छैन।

**१०. प्रश्न : पाप भनेको के हो ?**

उत्तरः राग, रिस र अज्ञानता वा अविद्याबाट मनमा सोच्ने बिकारलाई मनको पाप भनिन्छ। मनमा सोचेर गरेको कायको कर्म र वाकको कर्मलाई शरीर र वचनको पाप भनिन्छ। जस्तैः- एक जना मानिसले मनमा माछा मारौंला भनेर सोचेमा त्यो मनको पाप हो । मनमा सोची मुखबाट म माछा मार्छु भनेमा त्यो वाक्को पाप हो । मनमा सोचेर माछा मार्नको लागि माछा मार्ने साधन तयार गरेर माछा मारेमा त्यो शरीर वा जीउको पाप हो । अथवा आफैले नमारिकन अरुलाई मार्न लगाएमा वा अरुले मारेको देख्दा र सुन्दा आफू खुशी भएमा त्यो पनि आफूले नै मारेको जस्तै पाप बराबर हुन्छ भनी भगवान बुद्धले भन्नु भएको छ।

**११. प्रश्नः पापबाट नराम्रो कर्म आउ"छ कि नराम्रो कर्मबाट पाप आउ"छ ?**

उत्तर : यसको बारेमा मानिसहरुले बेग्ला बेग्लै व्याख्याहरु गरिन्छ त पनि यी दुबैको अर्थ भने एउटै हो। रिस राग् मोह-डाह ईर्ष्या जस्ता क्लेश बाट गरेको अकुशल कार्य पाप कर्म हो। यो पाप कर्मको कारणबाट सांसारिक महलमा घुमीरहन्छ।

**१२. प्रश्न : बौद्ध धर्म भनेको के हो ?**

उत्तर : बौद्ध धर्म भनेको बुद्धले देखाएको बाटो अथवा मार्ग हो । त्यस मार्गमा अहिंसाको माध्यमद्वारा सम्पूर्ण प्राणीहरुको दुःख हटाई हित गर्ने र वास्तविक शान्ति (निर्वाण) दिलाउने गरिन्छ। यस धर्मको दुई भाग छ। क. अधिगम (तोक्पीक्षो) ख. आगम (लुङकी क्षो)। क. अधिगमहरु शील, समाधि र प्रज्ञाको शिक्षा गरी तीन ओटा छन् । अरु पनि बुद्ध (ले देखाउनु भए) को पाँच मार्गहरु संभरमार्ग, योगमार्ग, दर्शनमार्ग, भावनामार्ग र अशैष्य पनि अधिगमकै धर्म हुन् । ख. बुद्धको वचन (कांग्युर) बाचन गर्ने कार्यलाई आगम (लुङ) भनिन्छ। जस्तैः त्रिपिटकहरुः १. विनय पिटक, २. सूत्र पिटक, ३. अभिधर्म पिटक गरी तीन वटा छन्। धर्मलाई यानबाट छुटाउने हो भने नौ यानहरु छन्।
१. श्रर्वकयान २. प्रत्येक बुद्धयान ३. बोधिसत्त्वयान ४. क्रियायान ५. उपयान ६. योगयान ७.महायोगयान ८. अनुयोगयान र ९.अतियोगयान । मनको सोचाई अनुसार छुटाएमा नौं यान भित्रका पहिलो र दोस्रो चाहिं हिनयान धर्ममा पर्दछ। बाँकी सात वटालाई महायान धर्म भनिन्छ। अथवा छोटकरीमा भन्नु पर्दा हीनयानको धर्म (थेरबाद धर्म्) र महायानको धर्म गरी दुई प्रकार छन । महायानमा पनि सुत्रयान ( बोधिसत्त्व यान) रतन्त्रयान (वज्रयान) को धर्म गरी दुई प्रकार छन्।

**१३. प्रश्न : त्रिरत्न मध्येको धर्म कस्तो लाई भनिन्छ ?**

उत्तर : धर्म पनि विभिन्न थरिका छन् तर त्रिरत्न भित्रको धर्म भने बुद्ध धर्म (क्षो कोन्क्षोग्) भनेर चिन्नु पर्दछ।

**१४. प्रश्नः त्रिरत्न भित्र पर्ने संघ (गेदुन्) भनेको कस्तोलाई भनिन्छ ?**

उत्तर : बुद्धले देखाएको सही बाटोमा लागेर ज्ञान प्राप्त गर्नु वा बुद्धको धर्मलाई श्रवण (सुन्नु), चिन्तन ( विचार गर्नु) र मनन (ध्यान) गरेर बुद्ध धर्मको पालना गर्ने व्यक्तिहरुलाई संघ (गेदुन्) भनिन्छ । त्यस्ता संघहरु पनि दुई भागमा छुट्याइएका छन्। (क) हीनयानको मार्गमा प्रबेश गरेको संघ र (ख) महायानको मार्गमा लागेको संघ। त्यस्तै अतिउत्तम धर्मको ज्ञान प्राप्त भैसकेको आर्य जस्ता महापुरुषको संघ र उत्तम आर्यको धर्म प्राप्त नभएको साधारण ब्यक्तिको संघ भनी विभाजन गरिएको छ।

**१५. प्रश्नः त्रिरत्नको शरणमा परी शील प्राप्त गरिसकेकोहरुले के पालना गर्नु पर्छ ?**
उत्तर : त्रिरत्नको शरणमा परी शील प्राप्त गरि सकेकोहरुले नौ प्रकारको नियमहरु पालना गर्नु पर्दछ।
(**पहिलो त्याग्नु पर्ने तिन शिक्षा**) (1) १. बुद्धको शरणमा प्रवेश गरिसके पछि त्रिरत्न बाहेक अरु लोक देवताहरुको शरणमा जानु हुंदैन । किनभने लोकका देवताहरुले रिस, राग र अविद्यालाई त्याग्न नसक्दा तिनीहरु पनि ६ लोकको चक्रमा घुमिरहने भएकोले संसारको दुःख देखि मुक्त हुन सकेका छैनन् । त्यसकारण सबै नराम्रो कार्यहरु देखि मुक्त भएर अलोकको ज्ञान प्राप्त भई संसारको हित गर्ने उत्तम महापुरुष चाहिं बुद्ध एक मात्र हुनुहुन्छ । (2) २. धर्मको शरणमा गएपछि किराफट्याङ्ग्रा देखि लिएर कुनै पनि प्राणीहरु माथि हिंसा गर्नु हुँदैन । (3) ३. संघको शरणमा गएपछि काटमार गर्ने, चोर्ने र पाप धर्मलाई विश्वास नगर्ने जस्ता नराम्रो दृष्टि (बिचार) का मित्रहरुसंग संगत गर्नु हुँदैन । तिनीहरु संग लागेमा आफ्ना असल व्यवहार पनि बिग्रिएर जानेभएकोले त्यस्ताको संगत गर्नु हुदैन । (**दोस्रो पालना गर्नु पर्ने तिन शिक्षा**) (4) १.बुद्धको शरणमा प्रवेश गरी सकेपछि बुद्धको नराम्रो फोटो र साधारण मूर्ति जस्तालाई पनि साक्षात् बुद्ध र यसमा कुनै फरक नभएको सोची सफा र उच्च ठाउँमा राखी श्रद्धा र भक्तिपूर्वक आदर गर्नु पर्दछ । (5) २. धर्मका शरणमा प्रवेश गरेपछि बुद्धको बचन सम्वन्धी ग्रन्थका स-साना टुक्रा अक्षरहरुलाई पनि साक्षात् धर्म संझेर सफा र उच्च ठाउँमा राखी श्रद्धा र भक्ति पूर्वक आदर गर्नु पर्दछ । (6) ३. संघको शरणमा प्रवेश गरेपछि संघले लगाउने गरेको कपडा (रातो र पहेंलो इत्यादि रंगको कपडाहरु) देख्दा ओछ्याउने र नाघेर हिंड्ने जस्ता ब्यवहार नगरी त्यसलाई पनि बुद्धको वस्त्र सम्झेर सफा र उच्च ठाउँमा राखी श्रद्धा र भक्तिपूर्वक आदर गर्नु पर्दछ । किन भने भविष्यमा बुद्धको शासनमा प्रवेश गरेको संघहरु सबै नाश हुने समयमा लोकका देवी देवताहरु आई संघका कपडाहरुलाई एकै ठाउँमा जम्म गरी देवलोकमा पुर्‍याई उच्च ठाउँमा राखी पूजा र ढोग गर्ने छन् । त्यसले पनि तिनीहरुको पाप नाश गरी पुण्य सम्भार र कुशल कर्महरू प्राप्त हुनेछन् । त्यसकारण कपडालाई श्रद्धा र पूजा गरेमा आफ्नो पाप काट्ने र संघमा श्रद्धा र भक्ति राख्दा पनि त्यसको पुण्य फल धेरै हुने हुँदा व्याख्या गर्न सकिंदैन ।
(**तेस्रो समान्य तीन शिक्षा**) (7) १. त्रिरत्नको शरणमा गइसकेपछि बिहान बेलुकी त्रिरत्नको प्रार्थना गर्नु पर्दछ । (8) २. राम्रो तिथि, मितिमा त्रिरत्नको पूजापाठ गर्नु पर्दछ । जस्तैः अष्टमी, दशमी, पूर्णिमा, पञ्चमी, औंसी, बुद्ध जन्मेको दिन, बुद्धले ज्ञान प्राप्त गरेको दिन र बुद्धले धर्म प्रचार गरेको दिनमा पूजापाठ वा ध्यान गर्दा अरु समयमा गरेको पूजापाठको लाभ भन्दा त्यतिखेरको लाभ वा पुण्य संभार धेरै गुणाले बढी हुन्छ । (9) ३. त्रिरत्नको शरणमा गएपछि राम्रो गुरुहरुबाट त्रिरत्नको ज्ञान र गुणहरु दृष्टि (दर्शन) का अध्ययन गर्ने उपायहरु सिक्नु पर्दछ । अरु पनि बुद्धको सहि मार्गमा लागी अरुलाई पनि सहिमार्ग देखाउन सक्ने सद् गुरुलाई बुद्धको भावन गर्ने, गुरु बचनलाई धर्मको भावन गर्ने, र गुरुको चेलालाई संघको भावन राख्नु पर्दछ ।

**१६. प्रश्नः राम्रो गुरु भन्नाले कस्तोलाई भनिन्छ ?**
उत्तर : सूत्र र तन्त्रहरु अध्ययन गरी सकेको र तीनवटा शील (भिक्षु शील, बोधिसत्वको शील र बज्रयानको "समय" शील) पालना गर्न सक्ने, राम्रो मन भएको, प्राणीहरुलाई धोका नदिने र दया माया भएको, बुद्धको शासनलाई रक्षा गर्न सक्नेलाई राम्रो गुरु भनिन्छ । जस्तैः खेन्पो, लोपोन, टुल्कु र लामाहरुलाई पनि राम्रो गुरु भनिन्छ ।

**१७. प्रश्नः खेन्पो (उपाध्याय) भनेको के हो ?**

उत्तर : खेन्पो (उपाध्याय) भनेको धेरै अर्थमा लाग्छ तर बौद्ध (बुद्धिष्ट) महायनहरुको वास्तविक खेन्पो भनेको चाहिं यस प्रकारको हुनु पर्दछ कि गौतम बुद्ध उहाँ नै प्रथम खेन्पो हुनु हुन्छ । त्यसै गरी अरु पनि पद्म सम्भव (गुरु रिन्पोक्षे) र शान्त रक्षित (खेन्छेन शिव छो) जस्तो हुनु पर्दछ । किनकि खेन्पो भनेको बौद्धमार्गीहरुको सबै भन्दा ठूलो शील युक्त विद्वान गुरु हो । बिस्तर ब्यख्या २८ नम्बर प्रश्नको उतरमा हेर्नु ।

**१८. प्रश्नः टुल्कु भनेको कस्तो ब्यक्तिलाई भनिन्छ ?**

उत्तर : एक जना मानिस मरे पछि त्यो फलानोको चाहिँ फलानो ठाउँ र फलानाको छोरा वा छोरीमा जन्मेर त्यसलाई चिन्नु वा एक जना लामा गुरु जस्ताले चिनाउनु सत्य कुरा नबुझ्ने र नजान्नेहरुले त्यो टुल्कु वा अवतारहो भनिन्छ तर त्यसलाई टुल्कु वा अवतार भन्नु मिल्दैन । किन कि एउटा जुनी फेरेर अर्को जुनीमा आउने चाहिं सबै प्राणीमा हुन्छ । त्यसलाई चिन्नु र नचिन्नुमा मात्रै फरक छ । काहि त्यो टुल्कु वा अवतार हो भन्ने जिद्धी गरेमा नाम (कीर्ति) र राजनीतिले बनाएको बुझ्नु पर्दछ वा त्यसलाई नक्कली टुल्कु भनिन्छ । अरु पनि म फलानो देवताको अवतार हो भनी झूटो बोलेर श्रद्धालु भक्तजनहरुबाट दान दक्षिणा लिने, लामा गुरु र साथीहरुलाई मान नगर्ने, बुद्धको सही नियम पालना नगर्ने, जहिले पनि ठूलो र नाम मात्र कमाउन चाहने, अरुले केही भनेमा सहना नसक्ने, त्रिरत्न र उपासक, श्रमण, भिक्षु, बोधिसत्त्व र बज्रयानको नियमहरु पनि पालना गर्नु नपर्ने जस्तो संझिने, नराम्रो कार्य सबैमा सहमत हुने, आज भोलि गुम्बाले औतारी खोज्ने नगरी औतारीले गुम्बा खोज्दै आफैले अरुलाई म टुल्कु हुँ भनी प्रचार गर्ने र ठूलो ठूलो गुरु लामाहरुलाई बाध्य पारेर टुल्कुको नाम राख्न लगाइन्छ । यी यस्ता कार्य सबै बुद्धको शासनलाई कालो दाग लगाएर आफू पापको भुमरीमा फस्ने काम गर्नु हो, यस्तो जीवन लिनु भन्दा नलिनु राम्रो हुन्छ । किनकी यो पाप कार्य भएकोले पुनः जन्ममा नर्क, प्रेत र तिर्यकको स्थानमा जन्म लिई दुर्भाग्यको फल भोग्नु पर्ने हुन्छ । यस्ता व्यक्ति चाहि धर्म कर्मको महात्व नबुझी अन्धकारमा रहि पक्षपात गर्नेले मात्र मान गर्नेछ र सही धर्मको अर्थ बुझ्नेले त्यस्तालाई मान गर्नको सट्टा घृणा गर्नेछ । (बुद्ध धर्मको राम्रो) ज्ञानले युक्त भए टुल्कु मात्र नभई जुन सुकै व्यक्ति पनि आफनो गुरु वा धर्म मित्रको रुपमा सम्मान गरि मान्न सकिन्छ । वास्तविक (सक्कली) टुल्कु चाहि बुद्ध र बोधिसत्त्व अर्हतको निर्माणकाय हुनु पर्दछ ।

**१९. प्रश्नः ठूलो पूज्य गुरुहरुले नाम दिएको पनि नक्कली टुल्कु हुन् सक्छ ?**

उत्तर : त्यसमा ३ प्रकारको छ । १. जस्तै भविष्य वाणि गर्न सक्ने गुरुहरुले देखेर बुझेर अरु कसैको अनुरोधमा र आफैले साधारण व्यक्तिको पुन जन्म यो हो भनि चिनाएमा त्यो चिनेको सही हो तर त्यो टुल्कु होईन । २. बौद्ध महायान बज्रयानको सही मार्गमा लागेर अध्ययन र धेरै तपस्या गरेर सिद्धि प्राप्त गरेको गुरुहरुको जन्म यो हो भनि चिनाएमा त्यो सत्य हुनु पर्छ । ३. एक महान गुरु परिनिर्वाण भई स्वर्ग जानु भयो भने फेरि त्यस गुरुको चेला अथवा आफन्तहरूले एउटा सानो बालकलाइ (उस्को बुबा आमा र आफन्तले) यस गुरुको अवतार हो भनि नाम दिनु भन्दै बाध्य बनाई गुरुबाट नाम (सिफारिस) पाएता पनि त्यो सही होईन वा यो फलानो यस्ता लामाको अवतार हो र सही प्रमाणको निम्ति पत्र मागेमा त्यो पनि झूटो नै हो । अरु पनि जोगछेन कल्जङ रिन्पोछेले यस्तो भन्नु भएको छ । पैसाले नाम किन्ने र नामले पैसा कमाउने यस्ताहरु सद्धर्मको बिपरित गर्ने हो भनि लेख्नु भएको छ ।

**२०. प्रश्नः जुन गुरुले थाहा भइकन फेरि नाम दिनु गुरुको गल्ती होईन ?**
उत्तर : होईन । किन भने त्यो व्यक्ति औतार होईन भनि थाहा छन तर पनि उ र उसको आफन्तहरुले नाम नदिएको कारण रिस उठी गुरुलाई नराम्रो गर्ने र अशुद्ध मन सोची अझ ठूलो पाप कार्य साच्ने भएकोले दया माया र शुभ साइत अनि शुभमंगल होस् भनि दिनुभएको हो ।

**२१. प्रश्नः एउटा बालकले अघिल्लो जन्मको सामान र आफन्त चिनेमा त्यो बालक औतार हो त ?**
उत्तर : यो निश्चित छैन् । किन भने कोही साधारण व्यक्तिले पनि त्यो बताई रहेकै हुन्छ र कोही औतार भए पनि अगिल्लो जन्मको चीज चिन्न नसकेर क, ख देखिको ज्ञान लिनु पर्ने हुन्छ ।

**२२. प्रश्नः सबै नक्कली टुल्कुहरुलाई मान्नु हुदैन त ?**
उत्तर : खास त्यो होईन । किन भने नक्कलीहरु पनि बुद्धको सही मार्गमा लागेर गुरुलाई श्रद्धा र आदर गरी धर्म कर्ममा विश्वास राखी सूत्र र तन्त्रको बारेमा ज्ञान लिई ईष्ट देवताको मन्त्रहरु जप गर्ने, बुद्धको उपदेश त्रिपिटकहरु अध्ययन गर्ने, शीलको पालना गरी शुद्ध मनले प्राणीको हित गर्न सकेमा त्यसलाई सबैले मान्नु पर्छ ।

**२३. प्रश्नः खेन्पो भनेको सबै सक्कली मात्र हुन सक्छ ?**
उत्तर : आजकल अलिकति पढेर शिक्षक भन्न साथ आफूले म खेन्पो हूँ भनि प्रचार गर्ने र अरु नबुझ्नेले पनि खेन्पो भनि मान्ने गरिन्छ । आफूले केही नजाने पनि म खेन्पो हो भनि हिड्नेहरु चै नियम अनुसार खेन्पो भनिदैन । सही नियम पुराएको खेन्पो चै भिक्षु शील लिएर धेरै बर्ष भएको, बोधिसत्वको शीलले युक्त भएको र बज्रयानको शील (समय) आफैले पालना गरेर अरुलाई पनि दिन सक्ने क्षमता भएको । हिनयान र महायानको त्रिपिटकहरु अध्ययन गरिसकेको, बज्रयानको ६ यान (क्रिया, उपा, योग, महा, अनु र अति) अथवा नौ यानको बारेमा अध्ययन गरिसकेको, शुद्धमन भएको, बज्रयानको गुरु, इष्टदेव र डाकिनीको मन्त्र जप तथा उत्पन्न क्रम र सन्पन्नक्रमको अध्ययन गरेको, कम्तिमा २१ वर्षसम्म व्याकरण, सूत्र र तन्त्रहरुमा अध्ययन गर्नुको साथै बुद्धको शासन पालना गरी धेरै प्राणीको हित गर्न सक्ने क्षमता भएको, आचार्य पद प्राप्त गरि अरुलाई धेरै शिक्षा दिक्षा दिएको अनुभव भएको व्यक्तिलाई ठूलो गुरुबाट खेन्पोको पदमा नियुक्त गरिन्छ । त्यस्ता उत्तम व्यक्तिलाई खेन्पो भनि मानिन्छ ।

**२४. प्रश्नः ग्येशे भनेको कस्तो व्यक्तिलाई भनिन्छ ?**
उत्तर : ग्येशे भनेको धर्ममित्र एवं कल्याणमित्र हो ।

**२५. प्रश्नः तपाईले सही बाटोमा नलाग्नेहरुलाई कस्तो दृष्टिले हेर्नुहुन्छ ?**
उत्तर : आफूले बुझाएर बुझ्नेहरुलाई सधै सम्झाउने प्रयास गर्छु नमान्नेलाई बुद्ध प्राप्तिको प्रार्थना गर्दै सहीमार्गमा लगोस भनि प्रार्थना गर्दछु । बुझेर (रिस, राग, मोह, डाह र ईर्ष्य कम भएको) सहीमार्गमा लाग्नेहरुलाई आदर गर्दै शुभकामना दिन चाहन्छु ।

**२६. प्रश्नः लोपोन भनेको के हो ?**
उत्तर : लोपोन भनेको आचार्य हो तर वास्तविक लोपोन चाहिं पद्म सम्भव जस्तो हुनु पर्दछ ।

**२७. प्रश्नः लामा भनेको के हो ?** उत्तर : लामा भनेको गुरु हो ।

**२८. प्रश्नः आजकालको खेन्पो, टुल्कु र लोपोनमा के फरक छ ?**
उत्तर : खेन्पोलाई लोपोन भन्दा हुन्छ तर लोपोनलाई खेन्पो भन्न मिल्दैन । टुल्कुलाई खेन्पो भन्न निश्चित हुँदैन र खेन्पोलाई पनि टुल्कु भन्न निश्चित हुँदैन । खेन्पोको पद पाउन धेरै नै कठिन हुन्छ तर टुल्कुको पद पाउन आजकाल सजिलो भएको छ । हिजोआज खेन्पो र टुल्कु दुबैको ज्ञान भएको गुरुहरु हिज होलिनेस दलाई लामा, हिज होलिनेस (परम् पूज्य) पद्म नोर्बु रिन्पोक्षे, हिज होलिनेस ठुल्शिक रिन्पोक्षे, क्याब्ज्ये ताग्लुङ् चेटुल रिन्पोक्षे, खेन्पो जिग्फेन रिन्पोक्षे, खेन्छेन पेछे रिन्पोक्षे र खेन्क्षेन् पेमा शेराब रिन्पोक्षे इत्यादि हुन् । नजान्ने र नबुझ्नेहरुले खेन्पो भनेको अवतारहोईन भन्छन् । यो कुरा निश्चित छैन । कारण उनीहरुले अगाडिको सूत्रमा व्याख्या गरिएको कुराहरु नबुझेको हुन सक्छ र यसै सन्दर्भमा कर्म छ्याग्मे (राग आस्य) ले "अन्य पनि संघको बीचमा बस्ने खेन्पोहरु, अर्हतहरुको निर्वाणकाय (टुल्कु) देखि अरु हुन सकिन्न, त्यस्तै धेरै भिक्षु संघ भएको गुम्बामा रहनु भएको धेरै जसो खेन्पोहरु एउटा अर्हत टुल्कु वा अवतार सिद्धि प्राप्त गरेको हुने छन्" भनी उल्लेख गर्नुभएको छ । महापण्डित दिपंकरले "पहिले भोटमा बुद्धको शासन शुरु गर्ने र फैलाउने दुई खेन्पोहरु र भविष्यमा जब सम्म बुद्ध शासन रहन्छ तबसम्म खेन्पोको रुपमा आउने सबै उहाँ कै अवतार (टुल्कु) हुन् र उहाँभन्दा फरक छैन" भन्नुभएको छ । त्यसैले यो कुरालाई पनि सबैले जान्नु जरुरी छ । माथि व्याख्या गरिएका राम्रा गुरुहरुलाई रिन्पोक्षे भनी आदर गरिन्छ । रिन्पोक्षे भनेको रत्न जस्तो अमूल्य र कमै संख्यामा पाइने वस्तुलाई भनिन्छ । रिन्पोक्षे भनेको लामा गुरु नै हुनु पर्छ भन्ने छैन । राजा र मन्त्रीहरुलाई पनि ग्याल्पो रिन्पोक्षे र लोन्पो रिन्पाक्षे भनिन्छ ।

**२९. प्रश्नः प्रोफेसर (डक्टर) भनेको खेन्पो हो ?**
उत्तर : खेन्पोलाई प्रोफेसर (डक्टर) भन्न मिल्छ तर प्रोफेसरलाई खेन्पो भन्नु निश्चित हुदैन ।

**३०. प्रश्नः किन सबै प्रोफेसर (डक्टर) लाई खेन्पो भन्नु मिल्दैन ?**
उत्तर : कुनै पनि विश्वविद्यालयबाट अध्ययन समप्त गरी एउटा बहिरी वस्तु माथि अनुसन्धन गरी सफल भएको ब्यक्तिलाई प्रोफेसर (डक्टर) भनिन्छ । तर त्यस्ता प्रोफेसर हजार चोटी पास गरे पनि खेन्पो हुन सक्दैन । खेन्पो (उपाध्याय) भनेको बुद्धको सही मार्ग अनुसार ध्यान, तपस्या र सुत्र तन्त्रलाई धेरै वर्षसम्म अभ्यास गरी अनुभव भएको हुनुपर्छ । बौद्धमार्गीहरुको प्रथम खेन्पो चै गौतम बुद्ध नै हुनुहुन्छ । कारण महायानको प्रतिमोक्ष सूत्रमा-हामीहरुको खेन्पो (उपाध्याय) तथागत अमिताभलाई पनि ढोक गरी शरणमा जान्छु । वर्तमान हामीहरुको खेन्पो (उपाध्याय) भगवान शाक्यमुनीलाई पनि (आदर पुर्वक) ढोक गरी शरणमा जान्छु । महापुरुष विमलकीर्ति र मञ्जुश्रीलाई पनि ढोक गरी शरणमा जान्छु भनिएको छ । यसमा मञ्जुश्रीलाई खेन्पोको शैक्षिक योग्यता नभएको होइन उहाँ भगवान बुद्धसंग संगै रहदा गुरु शिष्यको आधारले बुद्धलाई खेन्पो र मञ्जुश्रीलाई महापुरुष भनिएको हो । त्यसैगरी प्रतिमोक्ष सूत्रमा-दर्शन धर्मराज !

जस्तै बुद्ध परिनिर्वाण भएपछि कुनै पनि व्यक्तिले एकछिन मात्र यो सुत्रान्त पिटक पढेर त्रिरत्नलाई विनम्र आधार र खेन्पो (उपाध्याय) लाई सत्कार गरी पूजा दान गरेमा त्यस्ता पुरुषहरुले जिन ( बुद्ध) का आधार (गुण) प्राप्त गर्न सक्छ भनी भन्नु भएको छ। पद्म कथाङमा-खेन्पो शान्त रक्षिताले अहिले भारतका बौद्धगया सामुन्नेमा ओर्ग्यानका खेन्पो पद्म संभव वसिरहनु भएको छ। पञ्च महाविद्यामा परंगत विद्धान, वास्ताविक कला अभ्यास गरी दुई सिद्धि प्राप्त गरेको छ भनी भनिएको छ । गुरु पद्मा संभव स्वयमले पनि पञ्च ज्ञानको वस्त्र लगाइ ॥ पञ्चकायको पात्र भोग्ने ॥ म खेन्पो (उपाध्याय) पद्मकार हुन ॥ भनि खेन्पो (उपाध्याय) स्वीकार्नु भएको छ । यी अगमले व्याख्या गरे अनुसार खेन्पो बौद्धमार्गीहरुको सबैभन्दा ठूलो ज्ञान प्राप्त गरेको हुन । त्यस्त नभएपनि हिनयान र महायानको त्रिपिटकहरु अध्ययन गरी भिक्षु शील, बोधिसत्व शील, बज्रयानको समय शीलले अलंकृत, संवृति सत्य र परमार्थ सत्यको भित्री ज्ञान भएको, तन्त्रको उत्पन्न क्रम र सम्पन्न क्रमको अनुभूति भएको विद्धान गुरु हुनु पर्दछ। यी यस्ता ज्ञानहरु पि.एच.डी. गर्ने डक्टरहरु संग भएमा त्यो खेन्पो नै हुनेछ। तर धरै जस्तो डक्टरहरुलाई बहिरी ज्ञान मात्र हुन्छ। दुई सत्य र दुई क्रमको अन्तर बृहत तथा बिशाल ज्ञानहरु सुन्न सम्म पनि पाएको हुदैन । कसैले सुन्न पाए पनि त्यसको पालना गर्ने डक्टर हजारमा एक मात्र पाईन्छ। भिक्षु शील, बोधिसत्व शील, समय शीलहरु खेन्पोले दिन सक्छ। तर प्रोफेसरले अरुलाई शील दिन सक्दैन र मिल्दैन पनि। भाषाविद ले मात्र ठूलो हुने होईन । त्यस कराण पि.एच.डी गरेको डक्टरहरु सबैलाई खेन्पो संग तुलाना गर्नु  मिल्दैन । कसैले खेन्पो भनि संभोधन गरे पनि खेन्पो हुने छैन।

**३१. प्रश्नः बुद्धले कति प्रकारको धर्म देशना दिनुभएको छ ?**

उत्तर : हिनयान र महायान । हिनयानमा पनि श्रावक यान र प्रत्येकबुद्धयान गरी दुई प्रकारका छन् । महायानमा पनि सूत्रयान र गुह्ययान गरि दुई प्रकारको छ। आफु सांसारिक दुःख र निर्वाणको गुण बुझेर शान्तिको (पथ) निर्वाण खोज्नु हिनयान धर्म हो । आफु र अरु दुवै यस सांसारिक दुःखबाट हटेर बुद्धको स्थान प्राप्त गर्नेलाई महायान धर्म भनिन्छ। महायानको दुई सम्प्रदाय मध्ये सूत्रयान चाहिं प्राणीको लागि धेरै कल्प सम्म पुण्य संभार र ज्ञान संभार अनुकूल गरि धर्म काय, निर्वाणकाय र संभोगकाय प्राप्त गरिन्छ भने तन्त्रयानमा चाहिं धेरै उपाय बाट १६ जुनी सम्ममा बुद्धत्व प्राप्त गरिन्छ र चाँडोमा एक जनममै बुद्धत्व प्राप्त गरिन्छ। अरु पनि सिद्धान्त, चर्या, भावनाक्रमबाट भिन्नता भए पनि यहाँ प्रस्तुत गरेको छैन । आआफ्ना मित्र वा गुरुवर्गबाट सम्पूर्ण ज्ञानको खोजी गर्नु होला।

**३२. प्रश्नः पुण्य तिथिमा शील पालना गरेको महिमा (गुण) र पालना नगरेको दोष के छ ?**

उत्तर : (क) हरेक महिनाको नौ वटा महत्वपूर्ण दिनहरुमा शील लिई व्रत बसेर धर्म गरेमा त्यसको लाभ गुण वढी हुने कुरा शास्त्रमा वताउनु भएको छ। ती नौ वटा महत्वपूर्ण दिनहरु यस प्रकार छन् : मंगोल महिनाको १ गते, ८, १४, १५, १८, २३, २४, २८, र ३० गते । जुनै महिनामा पनि नौ वटा तिथि तथा महत्वपूर्ण दिनहरु आउनेछ। यी दिनहरुमा धर्म गरेमा ठूलो गुण हुनेछ र पाप गरेमा पनि ठूलो पाप हुनेछ। यसबारे गुरु पद्म संभवलाई भोटको राजा ठिस्रोङ् देउच्यनले महा आचार्य ज्यू, “महायान र हिनयानको विशेष समय र गतेको विभाजनहरु योगीहरु वाहेक हामीहरु जस्ता साधारण व्यक्ति तथा श्रद्धावानहरुलाई पनि राम्रो गरी बुझाइ दिनुहोस,” भनि प्रश्न गर्नु भयो । त्यस पछि गुरु पद्म संभवले वचन दिनु भयो।

राजा तपाई सुन्नुहोस हिनयानको शीलहरु चाहि उपवास (कालको) शील र सदाशील गरी दुई वटा छन् । पहिलो उपवास शील व्रतको शील लिएर एक दिन, तीन दिन, एक महिना वा केही वर्ष सम्म वा समय समयमा पालना गर्नेलाई उपावास शील भनिन्छ । दोश्रो चाहि श्रमाण, श्रमाणेर, भिक्षु र भिक्षुणीहरुले लिएर जीवनभर पालना गर्नुलाई सदाशील भनिन्छ । यो शील लिएपछि त्याग्नुपर्ने कुराहरु हिंशा गर्ने, चोरी गर्ने, झुटो बोल्ने, व्यविचार गरी मुल चार वटा र मासु, जाँड, लसुन गरी तीन, त्यसै गरी बिकालको भोजन त्यागनु हुन । दिन दिनै व्रतको शील लिएर साधना गर्नु नै, पवित्र दिनको सदधर्म गर्नु हो । हरेक मंगोल महिनाको (एकदशी) पहिलो दिन कुमार बोधिसत्व देव पुत्र यस लोकमा प्रस्थान गर्नेछ त्यस बेला तिङ्जीन होद्की ग्याल्पो नामक (समान्त) जिनबुद्धलाई ढोग गरी व्रत शील लिएर पालना गरेमा चालिस कल्प सम्म साँचेको पाप कट्टी भई डर र त्रासको दुःख स्थानबाट मुक्त हुनेछ । हरेक महिनाको अष्टमीको दिन बोधिसत्व राजा थेसे.यस लोकमा पाल्नु हुनेछ । त्यतिबेला वैडुर्य बुद्धलाई ढोग गरी व्रतशील लिई पालना गरेमा तिस कल्पसम्म साँचेको पाप कट्टी (हटेर) भई निरोगी हुने तथा (नरक) मुर्दाको दलदलमा फस्ने दुःखबाट मुक्त हुनेछ । हरेक महिनाको चर्तुदशी (१४ गते) का दिनमा बोधिसत्व यमराज (यसलोकमा) घुमी आउने छ । त्यो दिन हजारौं बुद्धलाई ढोगी व्रतशील लिएमा एक हजार महा कल्प सम्म साँचेको पाप हटेर उमाल्ने र पोल्ने जस्ता तातो नर्कको दुःखबाट मुक्त हुनेछ ।   हरेक महिनाको पुर्णिमाको दिन यमराज सर्तवाहक यस लोकमा घुम्दै आउनु हुनेछ । त्यस बेला बुद्ध अमिताभलाई ढोग गरी व्रतशील लिएर पालना गरेमा दुई हजार कल्प सम्म साँचेको पाप हटेर (शुद्ध) भई चिसो नरकको दुःखबाट मुक्त हुनेछ । हरेक मंगोल महिनाको १८ गते (कृष्णपक्ष तृतीय) को दिन यमराज यस लोकमा घुम्दै आउनेछ । त्यस बेला बोधिसत्व अवलोकेश्वारलाई ढोग गरी व्रत शील लिएर पालना गरेमा उन्नाईस महाकल्प सम्म साँचेको पापबाट मुक्त भई हात हतियारले काट्ने र चिर्ने जस्तो नर्कीय दुःखबाट मुक्त हुनेछ । हरेक महिनाको २३ गते (कृष्णपक्ष सप्तमी) को दिन यस लोकमा बोधिसत्व महाश्वार (परिक्रम गर्नु) घुम्दै आउने छ । त्यस समयमा बुद्धवैरोचनलाई ढोग गरी व्रतशील लिएर पालना गरेमा १२ सय हजार महाकल्प सम्म साँचेको पापबाट मुक्त भई भोकमारी प्रेतको दुःख स्थानबाट मुक्त हुनेछ । हरेक महिनाको २४ गते ( कृष्ण पक्षको अष्टमी) को दिन इन्द्र (शक्र) घुम्दै यस लोकमा आउनेछ । त्यस समयमा बोधिसत्व खिङ राजालाई ढोग गरी व्रतशील लिएर पालना गरेमा महा हजारौ कल्पको पाप शुद्ध भई झै-झगडा, काटमार र चिर-फाँटको दुःखबाट मुक्त हुनेछ । हरेक महिनाको २८ गते (कृष्ण पक्ष द्वादशी) को दिन देवपुत्र ईन्द्र यस लोकमा घुम्दै आउने छ । त्यति बेला बुद्ध (अमितायु) अमिताभलाई ढोग गरी व्रतशील लिएर पालना गरेमा एक महाकल्प सम्म साँचेको पापबाट हटेर कालसुत्र नरकबाट मुक्त हुनेछ । हरेक महिनाको औंशीको दिन जीज्यु बोधिसत्व ब्राह्म यस लोकमा घुम्दै आउनेछ । त्यति बेला शाक्य मुनी बुद्धलाई ढोग गरी व्रतशील लिएर पालना गर्न सकेमा १९ हजार कल्प सम्म साँचेको पाप दुर भई अग्नि ज्वालाको दुःखबाट मुक्त हुनेछ । भनी बताएको छ । अरुपनि चारवटा महात्वपूर्ण दिनहरु छन् । १. सात, आठ र नौ गतेका दिन पुजापाठ तथा धर्म गरे अर्को जुनिमा पुरुषको जन्म लिनेछ । २. दश, एघार र पन्ध्र गते पुर्णिमाको दिन पुजापाठ तथा धर्म गरेमा मरण पश्चात धर्मपाल राजाको रुपमा जन्म लिनेछ । ३. तेईस, चौविस र पच्चीस गते पुजापाठ तथा धर्म गरेमा मरण पश्चात शक्तिशाली र भाग्यमानी भएर जन्म लिनेछ । ४. उनान्तीस गते र औंशीको दिन तथा एक गते (एकादशीको दिन) पूजापाठ तथा धर्म गरेमा ६ लोकको प्राणीहरु सबैलाई हित गर्ने सक्ने क्षमता हुनेछ । (ख) त्यसै गरी एक महिनामा नौ वटा महत्वपूर्ण (अगाडि बताए अनुसार) दिनहरु छन् । त्यस दिन शील पालना गरेमा त्यसको लाभ गुण (महिमा) अनगिन्ती छन् । यदि त्यो पालना गर्न नसकी ठूलो प्राणी देखि सानो जुम्रा सम्म जस्तो सुकै भए पनि हिंसा तथा हत्या गरेमा आफूलाई पनि अरुले एक दिन (यो जुनी या आर्को जुनिमा) हत्या गर्नेछ साथै मरण पश्चात तातो नर्कमा जन्म लिईन्छ । त्यसै गरी अरुको धन लुट्ने, चोर्ने, झुक्याएर लाने गरेमा आफु एक दिन भोकै मर्नेछ । खाना, लाउन र पिउन समेत नभएको प्रेतको स्थानमा जन्म लिनेछ । मैले देउता देखे, भुत प्रेत

देखे भन्ने जस्त झुठो बोलेमा आफु पनि एक दिन बहुला (मगज बिग्रको) हुने र मुटुको रोग लागेर छट्पटीने छ । अनि मरण पश्चात जिब्रो माथी हलो जोत्ने नर्कमा जन्म लिएर दुःख भोग्नु पर्ने हुन्छ । रागको माध्यमबाट अरुको छोरी, श्रीमती वा अरु केटा र श्रीमान संग ब्यविचार (दुष्ट व्यवहार) गरेमा मरण पश्चात मानव जीवन लिन कठीन भई मुर्दाको दलदल (एक प्रकारको नरक) मा जन्म लिनेछ भनि पद्मा संभवले बताउनु भएको छ ।

**३३. प्रश्नः समान्य मासु र जाडको बेफाईदा कहा बताएको छ ?**

उत्तर : कालचक्र तन्त्रको २५ ब्रत मध्ये एउटा "प्राणी हत्या गरेको मासु नखानु र जाड न पिउनु" भनि बताउनु भएको छ । त्यसै गरी महा सिद्धि गुरु पद्मा दुदुलले जस्त पनि बुलाउने जाँड (रक्शी र सुकुटी) तथा मासु स्वदिलो भनाई चाहना गरी सेवन गरेमा रौरव नरकमा जन्म लिई ३५ कोरोड बर्ष सम्म आगोले पोलेर दुखित हुनेछ । भनि बताएको छ ।

**३४. प्रश्नः बिषेश गरी मासुको बेफाइदा के छ ?**

उत्तर : शाक्यमुनि बुद्धले परिनिर्वाण शुत्रमा मासुको सेवनले मनमा करुण र मैत्रीभाव हाटेर रिस, राग र मोह बृति हुने कुरा बताएको छ । त्यसैगरी पदम संभवले पनि प्राणीको मासु र रगत खाएमा जिउको वाहिर र भित्री आन्द्राका रोग लाग्ने, कलेजो, मुटु, मृगौला इत्यादिमा काँडाले घोच्ने जस्ता झस्कने रोग आउनेछ र आफनो मासुलाई पनि अरु जिबहरुले खानेछ भनि बताउनु भएको छ । अरु पनि शुत्रमा फाइदाको लोभमा प्राणी हिंस गर्ने, मासुको निम्ति सम्पति दिने, जस्त दुबै कार्यको फल रौरब नरकमा जन्म लिई (शरीरमा) घोच्ने र पकाउने (जस्त दुःख भोक्नु पर्ने) छ भनि बताउनु भएको छ ।

**३५. प्रश्नः बिषेश जाँड खाएमा बेफाइदा के छ ?**

उत्तर : १. महा बज्रधर बुद्धले "जति मिठो भए पनि पकाएको (छानेको) जाँड नखानुन" भनि गुरु क्षोकि वाङक्षुगको धर्म निधिमा बताउनु भएको छ । २. थ्वग्पो रिन्पोक्षे ले "एक बिभिन्न पापी मासु । दुई मात लाग्ने ब्यक्तिको जाँड । तीन झुक्याउने तरुनी साथी । यी तिन धर्म गर्ने हरुको निम्ति बिष हुन । सद्धर्म गर्नेहरुले यो तिन (आबश्य) त्यग्नु" भनि बताएको छ । ३. त्यसै गरी गुरु रिन्पोक्षेले "जाँड खाएमा सुख्खा वालीको दाना भित्र जन्म लिएर दुखित हुनेछ" जस्तैः गहु, मकैहरु भित्र भएको किरा जस्तो र "अरु पनि धागो र डोरी खाने जस्ता किरामा जन्म लिनेछ" भनि बताउनु भएको छ । ४. महायोगी मिलारेपाले "जाँड यो लोभ र चाहना बढने द्रब्य हुन । पिएमा मुक्तिको मुल प्राण नै कटिन्छ" भनि बताएको छ । ५. (गवाच्यन की शुपी दो) आर्य नन्दिक शुत्रमा "जाँडलाई मनपराउने मानिसहरु आफ्नो हित र अरुलाई सुख दिन सक्दैन । जाँडले अबिद्या र नराम्रो रुप बनाउँछ । ह ल नामक बिष झै भएकाले यो न पिउनु" भनि बताएको छ । ६. ओर्ग्यन रिन्पोक्षेले "त्रिलोकको दुःखहरुको हेतु पनि एउट जाँड हुन त्यस करण जाँड त्यग्नु । ६ ज्ञान उत्पन्न हुदाँ मोहरुपी निन्दारमा फस्ने पनि जाँड नै हुन । शील पालना गर्दा घृणा नहुने पनि जाँड नै हुन । (बुद्ध तथा) "ज्ञान बोधिसत्व ध्यान गर्दा, पाँच बिष आगो झै बलाउने पनि जाँड हुन" । भनि बताएको छन । (पाँच बिषहरु राग, रिस, मोह, डाह, इर्ष्य) ७. (दोर्जे चेमो) शूक बज्र नामक तन्त्रमा सर्ब बिनासको मुल (करण) जाँड (भएकोले) सबै त्याग् गर्नु भनि बताएको छ । ८. बिनय पिटकमा जाड खाने चै रौरव नर्क र दिने ब्यक्ति चै त्यसको परिसरमा जन्म लिइन्छ, भन्नु भएको छ । ९. (डेन्प डेर्ज्हग्) उपस्थित स्मृति शुत्रमा "जाँड पिउने मनुष्यहरु, सबै धर्मको (नष्ट गर्ने) बन्चरो हुन । अरु

पनि पिउने समयमा जाँड मिठो र त्यसको फल अति (दुःख) ठूलो छन" भनि बताउनु भएको छ । १०. ( गेदिग् नामपर ज्येपी दो) पाप धर्म बिभाजन शुत्रमा "यस जनममा जाँड पिएर मत्ने हरु (अर्को जनममा) अति तातो तामाको झोल पिउने नरकमा जन्म लिइन्छ" भनिएको छ । त्यसै गरी बज्रयान तन्त्रमा पनि योगीहरु जाँडले मातेमा रौरव नरकमा जन्म लिइन्छ भनि बताएको छ । त्यसैले अगडि बताए झै यस जनममा दुःख बिमार फैलाउने, धन सम्पति नाश गर्ने, आफु र अरुमा भएको ज्ञान गुणहरु नदेख्ने, अफान्त र धर्म मित्रलाई फटाउने तथा झै झगड बनाउने, शील भंग गरी धर्म नाश बनाउने जस्त पाप र अकुशल कर्म साँचेर नर्कमा जन्म लिने मुल करण जाँड रक्सी भएकोले समस्त मित्रहरुले त्यागनु पर्ने जरुरी देखिन्छ ।

**३६. प्रश्नः लसुन तथा सुर्तीको सेवन गर्नाले बेफाईदा के कस्ता छन ?**
उत्तर : "लसुन खाएमा अर्को जन्ममा बुद्ध, बोधिसत्व र  अर्हतहरुको वचन समेत सुन्न पाईने छैन । अरु पनि नराम्रो दुर्गन्धि प्राणी वा नराम्रा गन्ध भएको घिन लाग्दो ठाँउमा जन्म लिने छ" भनि पदम संभवले बताउनु भएको छ । अरु पनि उदराण जस्तै एउट गुम्ब आगलागी भएको खण्डमा आगो निर्मूल पार्ने शक्ति आफुमा भएर पनि निर्मूल नपारे अति ठूलो पाप हुनेछ भने त्यो भन्दा पनि ठूलो पाप लसुन खाएमा लाग्ने छ भनि शाक्यमुनि बुद्धले भन्नु भएको छ । लसुन र सुर्ती जस्ता सबै मदाक पदार्थहरु मारको रगतबाट उत्पन्न भएकोले सेवन गर्ने ब्यक्तिहरुलाई यस जनममा हानी पुऱ्याउने र बिभिन्न रोग उत्पन्न गराउने तथा देव देउताहरुलाई पनि दुर्गान्ध हुने, राग, रिस र अबिद्या फैलाउने, करुण र मैत्रीभाव हटेर मरण पश्चात नर्कलोकमा जन्म लिने भएकोलले त्यगनु पर्ने देखिन्छ ।

**३७. प्रश्नः उपवासशील पालना नगरेमा के हुन्छ ?**
उत्तर : पदम संभव गुरुले उपवास (व्रत) शील यो लिन नसक्ने मनुष्य वा प्राणीहरु तीन (नर्क, प्रेत र तिर्यक) वटा दुःखको स्थान (दुगर्ति) मा जन्मलिने निश्चित छ । व्रतको शील लिएर भंग भई पाप देशाना नगरेमा अगाडी भने जस्तै अति ठूलो दोष (पाप) (दुःख) हुनेछ । उपवास (व्रत) शील भन्दा पनि सदा शील पालना गरेमा ठूलो गुण र फाइदा हुनेछ ।

**३८. प्रश्नः सदाशील पालना गरेमा के हुन्छ ?**
उत्तर : (तेनठिम) सदाशील भनेको श्रामण, श्रामणेर भिक्षु, भिक्षुनीहरुको शीललाई सदाशील भनिन्छ । गुरु पद्म संभवले यस्तो "शील पालना गर्न सके अर्को जुनीमा देव र मनुष्यमा जस्ता सुखी भएको स्थानमा जन्म लिने छ । (शील पालना गर्न सक्ने) त्यस्तो मानिसले बुद्धको शासन पनि धारण वा पालना गर्न सक्ने छ । अरु पनि धर्मको गुण र अब्याख्या ज्ञानहरु प्राप्त गर्न सक्छ । पाँच कलीयुगको दोषयुक्त प्राणीहरुमा पनि माथिलो तहको ठूलो ब्यक्तिहरु भित्र-भित्रै झै-झगडाको कारणले पुण्य घटेर जानेछ । (त्यस करणले) बाहिरी धातुको रसहरु नास भई धनसम्पति पनि नष्ट हुदै जानेछ । प्राणीहरु कमजोर भई आन्द्रा-भुडीमा विरामी हुने र किला गाडेको जस्तो दुःख भोक्नु पर्छ" भनि बताउनु भएको छ । त्यसै गरी "हिनायानको शील सानो ठानी पालना नगर्नेहरु र व्रज यानको समय भंग भई वास्त नगर्ने त्यो चाहि बुद्ध

शासन अन्तिम अवस्थामा पुगेको मानिन्छ । त्यस समयमा मेरो अमुल्य धर्म निधिहरु गुप्ता महायोगीले गुप्त स्थानबाट निकाल्ने छन्" भनि महायोगी रिग्जीन गोदेमको निधिमा बताएको छन ।

**३९. प्रश्नः गोन्पा बनाउनुको महत्व के हो ?**

उत्तर :हामी बौद्ध मार्गीहरुको निम्ति गुम्बा भन्ने शब्दको विशेष महत्व छ । लामा भाषाको गोन्पा भन्ने शब्द बिग्रदैं गएर गुम्बा बन्न गएको हो । गोन्पाको दुईवटा अर्थहरु छन् । पहिलो त कुनै पनि गाउँदेखि ८५० मिटर टाढा सुख र शान्ति भएको ठाउँलाई गुम्बा भनिन्छ । गुम्बाको दोस्रो अर्थ हो गृहस्थी जीवन त्यागेर शान्ति प्राप्तिको लागि पूजा पाठ गर्ने ठाउँ ।

हिजो आज गुम्बा भन्नाले बुद्धको मूर्ति र बौद्धधर्मको पुस्तकहरु राखिएको र सबैले शान्ति र सुखको लागि प्रार्थना गर्ने मन्दिर जस्तोलाई बुझिन्छ । तर यसलाई खास गरी लामा भाषामा (क) ल्हा खाङ, (ख) छोग् खाङ र (ग) दु खाङ पनि भनिन्छ । गुम्बाको निर्माणबाट हिमाली भेगका बौद्धमार्गीहरुको संस्कृतिको जगेर्ना गर्ने काममा ठूलो मद्दत गरेको छ । कुनै पनि गुम्बाको बाहिरी आकार र भित्री सजाईएको देवताहरु सबै मण्डलको रुपमा बनाउनु पर्दछ । गुम्बाको बाह्य कुराहरु जस्तै झ्याल, ढोका, गजुर आदि हजारौं वर्ष देखि चलि आएको कला र संस्कृति अनुरुप बनाउनु पर्दछ । गुम्बाको भित्ताहरुमा देवता र थाङ्काहरु लेख्दा पनि मौलिक कला र परम्परामा ध्यान पुऱ्याउनु पर्दछ । गुम्बाभित्र पूजा, पाठको बेला झ्याम्टो र ढ्याङग्रो जस्ता बाजाहरु बजाउँदा पनि चलि आएको रीति थिति र बुद्ध धर्मको नियम भित्र बसेर गर्नु पर्दछ । गुम्बा भित्र बस्ने लामा गुरुहरुले पनि बुद्धले देखाउनु भएको बाटो अनुसार आफुले अध्ययन गर्ने र अरुलाई पनि पढाउने गरिन्छ । गुम्बा बनाउदा अनेकौं फाईदाहरु छन् । जबसम्म गुम्बा रहिरहन्छ त्यति बेला सम्म गुम्बा बनाउने र बनाउन सहयोग गर्ने मानिसहरुको धर्म र भाग्य बढ्दै जान्छ । गुम्बामा आएर बत्ति बाल्ने, धूप बाल्ने र पूजा पाठ आदि गरी भगवान प्रति श्रद्धा प्रकट गर्ने हरेक व्यक्तिको पनि पाप कट्टि भई भाग्य र धर्म बढ्दै जान्छ ।

**४०. प्रश्नः गुम्बा बनाउँदा आर्जन हुने धर्म ठूलो हुन्छ कि समाजका दुःखी वर्गको सेवा गर्दा आर्जन हुने धर्म ठूलो हुन्छ ?**

उत्तर : त्यसमा के छ भने गुम्बा बनाउन मिल्ने धन गरिब, दुःखीलाई बाँड्दा दुईवटा प्रतिफलहरु हुन्छन् । गुम्बा बनाउन मिल्ने धनले गरिब दुःखीको सेवा गर्नाले तिनीहरु पापको बाटो त्यागी धर्मको बाटोमा हिंड्छन भने त्यसबाट आउने धर्म गुम्बा बनाएर आर्जन हुने धर्मसंग बराबर वा ठूलो पनि हुन सक्दछ । तर गरिबहरुलाई बाँडेको धनको ती गरिबहरुले गलत कार्यमा प्रयोग गर्छ भने त्यसबाट धर्मको सट्टा पाप कमाइन्छ । त्यसै गरी समाजमा बाटोघाटो पूल आदि बनाउनाले धर्म त हुन्छ तर त्यसबाट हिंड्ने मानिसहरुको मनमा धर्म सम्झिने कमै हुन्छ । त्यसैले यसरी आर्जन हुने धर्म गुम्बा निर्माण गरेर कमाइने धर्म भन्दा कम हुन्छ । गुम्बा बनाएमा त्यस गुम्बामा आउने जस्तै पापीको मन पनि धर्मतिर आकर्षित हुन सक्दछ । त्यसैले बाटोघाटो बनाउनुमा भन्दा गुम्बा बनाउनुमा नै बढि धर्म हुन्छ । मान्छे ठूलो होस् वा सानो सबैलाई गुम्बाबाट उत्तिकै लाभ प्राप्त हुन्छ । गुम्बा भित्र अनेकौं कलात्मक मूर्तिहरु, थाङ्काहरु, पुस्तकहरु र सांस्कृतिक महत्वका बस्तुहरु रहने हुनाले गुम्बाको निर्माणले ती सीप र कलाहरुलाई हजारौं वर्ष सम्म जीवित राख्दछ । फलस्वरुप हाम्रो संस्कृतिको संरक्षण हुन्छ । यिनै विभिन्न कारणहरुले गर्दा गुम्बाको विषेश महत्व देखिन्छ ।

संसारमा हित गर्ने र सुःख दिने एउटै कुरा आगम (लुङ) र अधिगम (तोक्पा) ले युक्त भएको बुद्धको धर्म नै हो । यसको विकास गर्न र लामो समयसम्म टिकाई राख्नको लागि महायान र हीनयानका दुवै त्रिपिटकमा भएका उपदेश सुनेर चिन्तन गरी अभ्यासमा उतार्नु पर्दछ । खास गरिकन संसारबाट मुक्त भएर चाँडै सर्वज्ञ बुद्धको अवस्थामा पुग्न चाहने व्यक्तिहरुले महायान भित्रको गुह्ययान तन्त्र पिटकमा बताइए अनुसार सही किसिमले इष्ट देवता (यिदम) को ध्यान र जप गर्नु पर्दछ । इष्ट देवताको ध्यान र जप गर्ने विधि विभिन्न किसिमका भए पनि अन्तिम रुपमा भन्ने हो भने सबैको उद्देश्य संसारका प्राणीहरुलाई दुःखबाट मुक्त गराउन बोधिज्ञान, प्राप्तिको विशुद्ध मार्गमा लगाउनु नै हो ।

संसारमा पाँच दोषहरु (ञीग्मा) बढेको यो कली युगमा प्राणीहरुलाई दुःखबाट बचाएर चाँडै अनुत्तर सम्यक संबोधिको मार्गतर्फ लैजानु चाहिँ गुरु रिन्पोछे, महाआचार्य वा द्वितीय बुद्ध रुपी पद्म संभवको नाम भएको मन्त्र अर्थात् बज्र गुरुको मन्त्र जप गर्दा उत्तम हुन्छ भनी बताइएको छ ।

समन्त भद्र (कुन्तु साङ्गपो) अनादि कालदेखि नै बोध (ज्ञान जागे) को अवस्थामा रहेको भए पनि प्राणीहरुलाई देखाउनको लागि धर्मकाय (छोकु)को अवस्थाबाट विचलित नभईकन पञ्च कुलका बुद्धहरुका रुपमा देखा पर्छन् । तिनीहरुबाट पनि प्राणीहरुलाई ज्ञान सिकाउनको लागि ६ लोकमा ६ मुनिहरु तथा तिसहस्र (कोटी) लोकमा तिसहस्र कोटी नै पद्मसंभव रुपी निर्माणकायहरु देखा पर्दछन् । विशेष गरी पद्मसंभव चाहिँ धर्मकाय अमिताभको काय, लोकेश्वरको वाक् र सम्पूर्ण बुद्धहरुको चित्तबाट निर्मित गुरू हो । अझ विशेष रुपमा भन्ने हो भने यो जम्बूद्वीपमा विभिन्न आठवटा मूल कृत्यहरु गरेका आठ वटा नाम भएका गुरुले प्राणीहरुको हितको लागि अनगिन्ती कामहरु गरेको र गरिरहनु भएको छ ।

महापरिनिर्वाण सूत्रमा भगवान बुद्धले भन्नु भएको छ "म निर्वाण भएपछि तिमीहरुले पीर मान्नु पर्दैन । स्वच्छ र निर्मल जल भएको तलाउबाट म भन्दा पनि उत्तम पुरुष जन्मनेछ । यसरी भगवान बुद्धले नै उहाँ भन्दा पनि विशेष व्यक्ति जन्मनेछ" भनी भविष्यवाणी गर्नु भएको छ ।

बुद्ध भन्दा गुरु पदमसंभव विशेष हुनाको कारण चाहिँ भगवान बुद्धको जन्म आमाको गर्भबाट भएको थियो भने पद्मसंभवको जन्म चाहिं अमिताभ बुद्धको चित्तको ह्री अक्षरबाट निस्केको रश्मिले उड्डीयान देशको दक्षिण पूर्व दिशा स्थित् धनकोष अर्थात् सिन्धुसागरमा नागराज तक्षकको दरवार माथि पद्मको विशाल पत्रको केशरमा शाक्यमुनि परिनिर्वाण भएको आठ वर्षपछि काठ बाँदर वर्षको छैठौं महिनाको दशमीमा महापुरुषको लक्षण र अनुव्यंजनले युक्त रश्मिकायको रुपमा भएको थियो । चार किसिमका जन्म मध्ये सर्वोत्तम उपपादुक जन्म (आमा र बाबुको संयोग नभईकन नै पद्मको फूलबाट जन्मेको) रुपमा ज्ञानको इन्द्रेणीले बनेको अमर बज्रकाय, संसार नरित्तिउन्जेल सम्म शरीर नत्यागीकन बसी प्राणीहरुको हित गर्ने भएकाले विशिष्ट भएका हुन् । त्यस्तै भगवान बुद्धले हीनयान र महायानका उपदेशहरुलाई व्यापक रुपमा प्रसार गर्नु भए पनि गुह्यमन्त्रको उपदेश व्यापक रुपमा दिनु भएको थिएन तर पद्मसंभव गुरुले मन्त्रयानका उपदेशहरु धेरै दिनु भएको हुनाले उहाँ विशिष्ट भएको हो । तैपनि क्लेशहरु त्याग्ने र गुणहरु साक्षात्कार गर्ने कार्यमा चाहिँ बुद्ध र पदम्संभव समान छन् ।

मगध (उग्युरछाल लुङतेन) सूत्रमा पनि "म यहाँबाट बितेको आठ वर्ष पछि उड्डीयानको उत्तर पश्चिम सीमानामा धनकोश तलाउको टापूमा उत्तम पुरुष जन्मने छ" भनी भविष्यवाणी गरिएको छ । त्यस्तै लामे दोन जोग्पा र दुपा नामक तन्त्रमा पनि "म निर्वाण भएको आठ वर्षपछि लोकमा सर्वोत्तम मानिने पद्मसंभव नामक बुद्ध उड्डीयनमा आउने छन् र गुह्य मन्त्र वज्रयानको गुरु हुने छन् भन्ने भविष्वाणी गरि सकेको छु" भनिएको छ । साथै सुवर्ण प्रभास सूत्रमा पनि यो पदम्संभवले विगत, वर्तमान र भविष्यका बुद्धहरुको स्तुति गर्ने छन् भनी बताइएको छ ।

यसरी बज्र रुपी आगमहरुमा बारम्बार प्रशंसा गरिएका द्वित्तीय बुद्ध रुपी पदम्संभवको कलीयुगका सम्पूर्ण प्राणीहरु बचाउने बल (शक्ति) को कार्य र करुणाको आशीर्वाद अरु बुद्धहरुको भन्दा पनि

शक्तिशाली हुने भएकाले मुक्ति चाहने व्यक्तिहरुले दिन रात तीन समयमा गुरु रिन्पोछे पद्मसंभवको प्रार्थना र उहाँको नाम भएको सिद्धि मन्त्रको ध्यान र जप किन नगर्ने ? उक्त सिद्धि मन्त्र जप गरेको फाइदा मनले चिताउनै नसकिने भएकाले यो बज्र गुरुको मन्त्रलाई महान तीर्थहरु, गुम्बा, पर्वतको शिखर, ठूलो नदीको किनार, देवता राक्षस र भूतहरु बसी रहने ठाउँ वा ढुङ्गामा बसेर समय (दम्-छिग) या व्रत पालना गरेका तान्त्रिकहरु, शीला पालन गरेका भिक्षु, श्रद्धालु व्यक्तिहरु लक्षण भएका महिलाहरुले राम्रो मन (सेम्के) लिएर सय, हजार, दश हजार, कोटी, दश करोड आदि जपेमा संसारबाट रोग भोकमरी, लडाई, वाली बिग्रने, अलछिन, भूतप्रेतका नराम्रा रुपहरु सबै हट्छन् साथै ठीक समयमा राम्रोसँग पानी पर्छ । यही जीवन, अर्को जीवन वा अन्तराभव (बर्दो) मा गुरु रिन्पोछेको प्रत्यक्ष दर्शन पाइन्छ र क्रमैसँग मार्ग प्राप्त भएर शुद्ध भुवन चामर द्वीपमा विद्याधरको तहमा पुग्न सकिन्छ ।

हरेक दिन सय भन्दा नघटाई जप्ने हो भने अरु व्यक्तिहरुले मन पराउँछन् र भोजन सम्पत्ति सजिलै मिल्छ । हजार वा दश हजार जपेमा अरुलाई वशमा लिन र आशीर्वाद पाउन सकिन्छ । राम्रो मन लिई श्रद्धा पूर्वक एक लाख वा करोड आदि जपेमा रोग र दोषहरु शान्त हुन्छन् तथा आयु र पुण्य बढ्छन । देव, असुर र मानिसलाई वशमा लिन सकिन्छ । भूतप्रेत रुपी शत्रु र विघ्नहरुलाई हराउनको लागि अपार शक्ति पाई धेरै प्राणीहरुको हित गर्न सकिन्छ ।

तीन करोड वा सात करोड आदि जप्न सकेमा तिनै कालका बुद्धहरुसंग र विशेष गरी गुरु रिन्पोक्षे र अभिन्न हुन सकिन्छ । उत्तम व्यक्तिलाई यही जुनीमा रश्मि देह (ज्यालु) प्राप्त हुन्छ भने मध्यम तहको व्यक्ति मृत्यु क्षणमा बुद्ध हुन सक्छ । त्यस्तै निम्न दर्जाको साधकले अन्तराभव (बर्दो) अवस्थामा गुरु रिन्पोछेको दर्शन पाउँछ र सबै दृष्यहरु शुद्ध भई आफ्नै ठाउँबाट मुक्त भएर चामर द्वीप (साङदोक पल्री) मा जन्म हुन्छ । तसर्थ यो बज्र गुरुको मन्त्र चार वर्गका तान्त्रिकहरुका इष्टदेव (यिदम) हरु, नौ यान, चौरासी हजार धर्म स्कन्ध, गुरु, देव, डाकिनी आदिको एक मात्र सारगर्भ हो भनी बताइएको छ ।

बज्र गुरुको मन्त्र जप्नाले यो जुनीका नराम्रा परिस्थितिहरु शान्त हुन्छन् भने चाहेका कुराहरु सजिलैसँग प्राप्त हुन्छन् । पाँच विषहरु (राग, द्वेष, मोह, ईर्श्या, घमण्ड) बाट उत्पन्न सम्पूर्ण पापहरु काटिन्छन् र ६ पारमिता (दान, शील, क्षान्ति, वीर्य, ध्यान र प्रज्ञा) चाँडै पूर्ण भएर पाँच बुद्ध कायहरु प्राप्त हुन्छन् । यस्ता लाभहरुलाई शब्दमा व्यक्त गर्ने सकिन्न । संक्षेपमा भन्ने हो भने कर्म लिङपाको निधि (तेर्मा) मा बताइएको छ- बज्र गुरु मन्त्र एक पटक पढेको लाभलाई देखिने वस्तुको रुपमा ल्याउने हो भने यो संसारमा नै अट्न सक्तैन र यो मन्त्रलाई देख्ने, सुन्ने र सम्झने सबै प्राणी विद्याधर र विद्याधरी अवस्थामा पुग्ने कुरा निश्चित छ ।

त्यसैले माथि बताइए झैं बज्र गुरुको मन्त्र जपेको लाभलाई मनले चिताउन नसकिने भएको हुनाले आज यहाँ पनि संसारबाट नष्ट हुन लागेको बुद्ध धर्म फेरि उत्थान गर्न, लोप नभएकोलाई फैलाउन र लामो समयसम्म टिकाउन सबै जातिमा भएका बुद्ध शासन धारण गर्ने कर्ताहरुको आयु बढाउन, चिताएका सबै कुराहरु सजिलैसँग पुऱ्याउन, भिक्षु संघले शुद्धसंग शील पालन गरी तीन चक्रहरु (त्रिपिटक श्रवण र चिन्तन, गुम्बा बनाउने जस्ता कर्म र ध्यान) गरिकन समय बिताउन, सबै व्यक्तिका कुशल कर्महरुलाई बीचमा तोडाउने ग्रह, नाग, भूतराज, विघ्न बाधा, कुभलो चिताउने र दुःख दिने सबै शान्त गराउन, विश्वभरी र खासगरी नेपालमा रोग, भोकमरी लडाई शान्त बनाई आनन्द र सुःखको अवस्थामा सबैलाई पुऱ्याउन जिउँदा व्यक्तिहरुका नमिल्दा घटनाहरु शान्त गराई चिताएको कुराहरु धर्म अनुसार पुऱ्याउन, मृतकहरुलाई पछिल्लो जन्ममा कुशल मार्ग प्राप्त गराउनको लागि, संक्षेपमा भन्दा सम्पूर्ण व्यक्तिका अहिलेका र अन्तिममा चिताएका उद्देश्यहरु स्वतसिद्ध पुऱ्याउन र पुण्य तथा ज्ञान संभाररुपी दुई संभारहरु पूरा गरी दुई आवरणहरु हटेर शुद्ध भई छिटै सर्वज्ञ बुद्धको अवस्था प्राप्त गर्ने, सिद्धि मन्त्रको जप गर्ने कार्य गरिएको हुनाले धर्ममा विश्वास र श्रद्धा भएका सबै व्यक्तिहरुले बज्र गुरुको मन्त्र आदि पाठ गर्नु होला भनी अनुरोध गर्दछु ।

# ४१. दोस्रो बुद्ध गुरु रिन्पोक्षेको संक्षिप्त बाह्र चरित्र लिलाहरू के के हुन छोटकारीमा बताउनु होस न ।

उत्तरः गुरु जिग्मे लिङ्पा तथा अन्य गुरुहरुको मत अनुसार संक्षेप्तमा । (१) पहिलो महिनको दशमी (होर दा दङ्पो) गुरु रिन्पोक्षे शितल बनको छतमा जानु भई त्यहाँको डाकिनी तथा भुतप्रेतहरु लाई वशमा राख्नु भएको थियो । (२) दोस्रो महिनाको दशमी (होर दा ञिपा) गुरु प्रभाहस्ती बाट भिक्षुको शील लिनु भएको थियो । (३) तेस्रो महिनको दशमी (होर दा सुम्प) सहोर राजाले गुरुलाई अग्नि कुण्डमा जलाउँदा आगो सबै जलमा परिणत गरिएको शक्ति देखाउनु भएको थियो । (४) चौथो महिनको दशमी (होर दा स्यिपा) मा ओडियानाको राजाले गुरु रिन्पोक्षे र मेन्दारावालाई एकै साथ आगोमा जलाउँदा दुवैलाई केही नभएको शक्ति देखाउनु भएको थियो । (५) पाँचौ महिनको दशमी (होर दा ङापा) मा दक्षिण भारतमा बुद्ध धर्म विरोधि तैथिकहरुलाई नाश गरी विजय प्राप्त गर्नु भएको थियो । (६) छैटौं महिनको दशमी (होर दा ठुग्पा) मा गुरु रिन्पोक्षे कमलको फुलबाट जन्म लिनु भएको थियो । (७) सातौ महिनको दशमी (होर दा दुन्पा) मा तैथिकको राजाले ठूलो तामाको भाँडामा हाली गंगा नदीमा फल्दा आकाशमा उडेर शक्ति देखाउनु भयो । (८) आठौ महिनको दशमी (होर दा ग्यापा) मा बुद्धधर्म लाई मन नपराउने तैथिकहरुले गुरुलाई विष दिंदा पनि गुरुलाई केही नभई गुरुको शरीर अझ राम्रो र उज्वल भएको थियो । (९) नवौ महिनको दशमी (होर दा गु पा) मा नेपालको फर्पिङ् (यङ्लेशो) मा गई त्यहाँको नाग र भुतप्रेतलाई आफ्नो अधिनमा लिनु भएको थियो । (१०) दशौं महिनको दशमी (होर दा च्युपा) मा गुरु रिन्पोक्षे भोटमा गई भोटको हेवुरी डाँडामा बसी त्यहाँको देव देउता र भुतप्रेतलाई आफ्नो वसमा लिनु भएको थियो । (११) एघारौ महिनको दशमी (होर दा च्युच्यीग्पा) मा गुरु रिन्पोक्षेले भोटको धेरै ठाउँमा गएर भविष्यमा प्राणीको हितको लागि बिभिन्न धर्म निधिहरु लुकाएर राख्नु भएको थियो । (१२) बाह्रौ महिनको दशमी (होर दा च्यु ञिपा) मा चमरद्वीप (स्हङ्दोग् पल्री) मा गएर त्यहाँको राक्षसलाई वसमा लिई बुद्धधर्ममा प्रबेश गराउनु भएको थियो भनि बताउनु भएको छ ।